

काठमाडौँ महानगरपालिका

सँ महानगरपालिका

स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ९) काठमाडौँ, असार ३२ गते, २०८३ साल

भाग १

काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८३

प्रस्तावना :

काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम काठमाडौँ महानगरपालिका नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो ऐनको नाम "काठमाडौँ महानगरपालिका विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन सम्वत् २०८३ श्रावण १ गतेबाट लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यपालिका" भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ख) "नगर सभा" भन्नाले काठमाडौँ महानगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(ग) "वडा समिति" भन्नाले काठमाडौँ महानगरपालिकाको वडा समिति सम्झनुपर्छ।

(घ) "विषयगत शाखा" भन्नाले काठमाडौँ महानगरपालिका अन्तर्गतको विभाग, महाशाखा, शाखा, आयोजना, सचिवालय, एकाइ, कार्यालय तथा अन्य प्रशासनिक एकाइ समेत सम्झनुपर्छ।

ङ) "सञ्चित कोष" भन्नाले काठमाडौँ महानगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ।

च) "प्रमुख" भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख सम्झनुपर्छ।

३. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०८३/८४ को निमित्त काठमाडौँ महानगरपालिका अन्तर्गत हुने पाँच वटा क्षेत्रहरू (१) आर्थिक विकास, (२) कार्यालय संचालन तथा प्रशासनिक, (३) पूर्वाधार विकास, (४) सामाजिक विकास, (५) सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रको संञ्चित कोषमा भार पर्ने खर्च जम्मा रु २५ अर्व १३ करोड ३० लाख ५५ हजार सञ्चित कोषमा भार पर्ने र अन्य निकायहरुबाट प्राप्त हुने कार्यक्रमहरुका लागि खर्च रकम रु. ७५ करोड सञ्चित कोषमा भार नपर्ने समेत गरी जम्मा रकम रु. २५

अर्व ८८ करोड ३० लाख ५५ हजार (अनुसूची - १ मा उल्लिखित भए बमोजिम) मा नबढाई निर्दिष्ट गरिए बमोजिम खर्च गर्न सकिनेछ।

४. **विनियोजन** :

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि काठमाडौं महानगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत विभाग वा शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा नपुग हुने शीर्षकमा विनियोजित रकमको पच्चीस प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी बचत हुने शीर्षकहरूबाट रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्चहरूका एक उपशीर्षकबाट अर्को उपशिर्षकमा रकमान्तर गर्न सकिने र चालू खर्चतर्फ विनियोजित रकममा साँवा भुक्तानी खर्च, ब्याज भुक्तानी खर्च, राजश्व फिर्ता खर्च र आम्दानी खर्च फिर्ता शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकमा रकमान्तर गर्न सकिनेछैन।

तर, चालु खर्चबाट पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकमान्तर गर्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

(४) आर्थिक वर्ष २०८३/८४ को लागि नगरसभाबाट स्वीकृत वजेट तथा कार्यक्रममा पुंजिगत तर्फको वजेट खण्डीकरण गरी स्वीकृत गर्ने अधिकार र समान प्रकृतिका कार्यक्रमहरुको प्याकेजिगं गरी स्वीकृत गर्ने अधिकार प्रमुखमा निहित रहनेछ। साथै समय समयमा प्रमुखबाट जारी भएका खर्च सम्बन्धी निर्देशन एवं मार्गदर्शन पालना गर्नु पर्नेछ।

(५) सामाजिक सुरक्षा कोषको लागि आवश्यक वजेट विनियोजन गरिनेछ।

अनुसूची १

(दफा ३ संग सम्बन्धित)

(क) नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

सि.नं.	क्षेत्र	विनियोजन
१	आर्थिक विकास	६८,७१,०७,०००।००
२	कार्यालय सञ्चालन तथा प्रशासनिक	४,५८,२२,७३,०००।००
३	पूर्वाधार विकास	१३,४९,३९,२३,०००।००
४	सामाजिक विकास	३,०३,४३,१०,०००।००
५	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३,३३,५४,४२,०००।००
	व्यय प्रक्षेपण (क)	२५,१३,३०,५५,०००।००

(ख) काठमाडौं महानगरपालिका मार्फत कार्यान्वयन हुने वाह्य तर्फको रकम (सञ्चित कोषबाट विनियोजन नहुने)

क्र.स.	स्रोत	व्यय शीर्षक	विनियोजन
१	अन्य निकाय	अन्य निकायहरुबाट प्राप्त हुन् योजनाहरु	७५,००,००,०००।००
		व्यय प्रक्षेपण (ख)	७५,००,००,०००।००

कूल व्यय प्रक्षेपण (क+ख)	२५,८८,३०,५५,०००।००

स्वीकृति मितिः २०८३/०३/३२

ने.सं. ११४६ दिल्लाथ्व द्धितीया

आज्ञाले

सरोज गुरागाइँ

प्रमुख प्रशासकीय अधिकृत